**२०७८ साल जेठ २४ गते सोमबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ६२औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. राक्सिराङ्ग गाउँ सभाको दशौं (वर्षे अधिवेशन) मिति २०७८।०३।१० गते आव्हान गर्ने ।

२. निर्माण व्यवसायी मार्फत र उपभोक्ता समितिद्वारा सञ्चालन भइरहेका तर सम्झौता बमोजिम कार्य सम्पन्न गर्ने समयावधि भुक्तान भएका आयोजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न गर्ने समयावधि २०७८ असार २५ गतेसम्मका लागि थप गर्ने ।

३. विपद् व्यवस्थापन समितिको मिति २०७८।०२।१४ र २०७८।०२।२१ गते अनलाईन जुम तथा गुगल मिट मार्फत बैठक बसी गरेका निर्णयहरु अनुमोदन गर्ने ।

४. (क) चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रमको सशर्त तर्फको तपशिलको शीर्षकलाई तपशिल अनुसारका कार्यक्रम सञ्चालन गर्ने ।

| सि.नं | साविक खर्च शीर्षक | बजेट रकम रु. | खर्च गर्नुपर्ने कार्यक्रम | बजेट रु. |
|---|---|---|---|---|
| १. | फलफूल दशक अन्तर्गत स्थानीय तहमा सुन्तला जात (सुन्तला, कागति, जुनार,) बिरुवा रोपण अभियान कार्यक्रम (५०% अनुदान) | २१,००,०००। | स्थानीय समुदायबाट ५० % अनुदानमा आवश्यक पर्ने फलफूलका बिरुवाहरुको माग संकलनको सूचना गरी खरिद गर्ने र वितरण गर्ने । | २१,००,०००। |
| २. | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बालीवस्ताको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम सञ्चालन | २१,००,०००। | गोलभेडा पकेट कार्यक्रम, भाटी, वडा नं. २ (प्लाष्टिक घरमा गोलभेडा उत्पादन पकेट समूह) | ५,००,०००। |
| | | | घ्यू सिमि पकेट कार्यक्रम, वडा नं. ९ कोखारी (खैराङ्ग उन्नत बिउ बिजन उत्पादक सिमि पकेट समिति) | ६,००,०००। |
| | | | मह पकेट कार्यक्रम, वडा नं. ८ (सक्रिय मौरी पालन कृषि समूह) | ५,००,०००। |
| | | | लसुन पकेट कार्यक्रम, वडा नं. ९ ( भुमेस्थान तरकारी, फलफूल तथा उन्नत बिउबिजन कृषि समूह) | ५,००,०००। |
| ३. | भिम्बुङ्ग पर्यटन विकास योजना राक्सिराङ्ग गा.पा., मकवानपुर | ५,००,०००। | भिम्बुङ्ग पर्यटकीय क्षेत्र पैदल मार्ग | ५,००,०००। |
| जम्मा | | ४७,००,०००। | जम्मा | ४७,००,०००। |

(ख) वितीय समानीकरण तर्फको

| सि.नं | साविक खर्च शीर्षक | बजेट रकम रु. | खर्च गर्नुपर्ने कार्यक्रम | बजेट रु. |
|---|---|---|---|---|
| १. | मौरी पकेट कार्यक्रम | ६,००,०००। | मुना कृषि सहकारी संस्था वडा नं. ७ | ३,००,०००। |
| | | | ग्रामीण मौरी उद्योग वडा नं. ६ | ३,००,०००। |

५. विविध अन्तर्गत देहाय बमोजिम गर्ने :

(क) प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडाद्वारा यस गाउँपालिकामा सञ्चालन गरिने तपशिलका तालिम कार्यक्रम तपशिलको स्थानहरुमा सञ्चालन गर्ने :

| सि.नं | तालिम कार्यक्रमको नाम | सञ्चालन गरिने स्थान |
|---|---|---|
| १. | बेमौसमी तरकारी खेती | च्यवराङ्ग, खैराङ्ग |
| २. | लोकल कुखुरा पालन | वडा नं. ६ |
| ३. | ग्रामिण कृषि सेवा कार्यकर्ता | साविक सरिखेत गाविस |
| ४. | फलफूल खेती (नगदे बाली) | वडा नं. १ |
| ५. | मास्क, सेनेटरी प्याड बनाउने तालिम | गा.पा. वडा नं. ५ |

राक्सिराङ्ग गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ्ग, मकवानपुर, बागमती प्रदेश

प्रेमराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

(ख) राक्सिराङ्ग गाउँपालिकाका जनप्रतिनिधि र गाउँ कार्यपालिका र अन्तर्गत वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारी कार्यसम्पादनको क्रममा कोभिड संक्रमित भई थप उपचारको लागि अन्य अस्पतालमा लानुपर्ने भएमा अस्पतालमा लागेको सम्पूर्ण खर्च गाउँ कार्यपालिकाको कार्यालयले व्यहोर्ने ।

(ग) गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई स्वास्थ्य र निरोगी राख्न शारीरिक सुगठन सामाग्री खरिद गर्न रु. १,५०,०००। कन्टिन्जेन्सी शीर्षकबाट खर्च गर्ने ।

(घ) खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत वडाबाट छनौट भई आएका नामावली छनौट समितिले छनौट गरी वडा कार्यालयको सहजीकरणमा प्राविधिक स्टमेट गराई लागतको ५० प्रतिशत पहिलो चरणमा बाँकी ५० प्रतिशत जस्तापाताले छाए पश्चात भुक्तानी गर्ने ।

द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

०२/२८
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत